# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ्ग
५ नं. प्रदेश, नेपाल

visit Nepal 2020 Lifetime Experiences

☎ ०८२-५४०८५०
☎ ०८२-५४००५०


१. आ.व. २०७६/०७७ सम्मको लागी नविकरण भएको फर्म वा कम्पनीको इजाजतपत्र, आ.व. २०७६/०७७ सम्मको लागी म्याद भएको स्थानीय तहमा दर्ता भएको व्यवसाय इजाजतपत्र, आय कर तथा मु.अ.कर दर्ता प्रमाण पत्र, आ.व. ०७५/०७६ सम्मको आयकर चुक्ता प्रमाण पत्रको प्रतिलिपिका साथ बोलपत्र फाराम पेश गर्नुपर्ने छ।

२. खरिद भएको बोलपत्रहरुको प्रत्यक पानामा सहीछाप र शिलवन्दी गरी फर्मको नाम, ठेगाना, ठेक्काको नाम, नम्वर लेखी पेश गर्नुपर्ने छ।

३. नियमानुसार मु.अ. करमा दर्ता भएका इच्छुक फर्म वा कम्पनीवाट तोकिएको प्रति क्यु. फुट रु ३।- का दरले कायम गरिएको न्युनतम अंकमा नघट्ने गरी बढाबढ गर्ने गरी ३० दिनभित्र यस कार्यालयवाट तोकीए बमोजिमको बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) तिरी बोलपत्र फारम खरिद गरी ३१औं दिनको १२:०० बजे भित्र रीतपुर्वकको बोलपत्र पेश गर्नुपर्ने छ।

४. **बिद्युतिय बोलपत्रमा जे उल्लेख गरिएको भएता पनि बोलपत्र साथ धरौटी वापत कवोल गरेको अंकको ५ प्रतिशतले हुनआउने रकम** यस कार्यालयको रा.बा. बैक लमहीको धरौटी खाता नं. ४२९०३०३००७१०२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा १२० दिन मान्य अवधि भएको क वर्गको सक्कल बैंक जमानतपत्र पेश गर्नुपर्ने छ।

५. पेश हुन आएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधि एवं वोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न सकिने छ।

६. बोलपत्र खरिद गर्ने, दाखिलागर्ने र खोल्ने अन्तिम दिनविदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनहुने छ।

७. बोलपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

८. म्याद नाघि आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

९. बोलपत्र स्वीकृत भएको सुचनापाएको मितिले ७ दिनभित्र सम्वन्धित ठेक्काको मु.अ.कर (VAT) बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कबोल अंकको १३ प्रतिशतले हुने मु.अ. कर र १.५ प्रतिशतले हुनआउने अग्रिम आय कर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण सहित १००% ले हुनआउने रकम यस कार्यालयको खातामा दाखिला भएलगत्तै सम्झौता हुनेछ।

१०. उपरोक्त न्यूनतम अंकमा मुल्य अभिबृद्धि कर (VAT) समावेश नभएको हुदाँ सम्वन्धित ठेकेदारले विक्रि शुल्क अशुल गर्दा तोकिए बमोजिमको मु.अ.क. समेत समावेश गरी फरक भ्याट रसिदबाट अशुल उपर गर्नुपर्ने छ।

११. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै व्यहोनुपर्ने छ।

१२. तोकीएको न्यूनतम अंकमा बढाबढ गरी सवै भन्दा बढी अंककवोल गरेकोलाई छनोट गरिनेछ। साथै कवोल अंक बरावर भएमा कम शिरोभार प्रतिशत कवोल गर्नेलाई छनोट गरिने छ। कबोल अंकमा आधारित भई कवोल गरिएको शिरोभार तथा नाफा प्रतिशतको आधारमा अन्तिम विक्रि मूल्य कायम हुने छ।

१३. ठेक्का कार्यादेश लिएको मितिदेखि मात्र ठेक्का चलानगर्न पाईने छ। साथै तोकिएको परिमाण उठाइसकेमा ठेक्का समयावधि समाप्त हुनेछ, तर नसकेको अवस्थामा ठेक्काको अवधि २०७७ साल ज्येष्ठ मसान्त सम्म मात्र हुने छ।

१४. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ।

१५. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानुन विपरितका कुनै पनि कार्य गर्न पाइने छैन। साथै सम्वन्धित खोला नदीको स्वीकृत प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकन (EIA/IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालनागर्नुपर्ने छ। (EIA/IEE) प्रतिवेदनबारे तथा अन्य विषयमा बुझ्नचाहेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

गेहेन्द्र बहादुर डांगी
प्रमुख प्रशासकिय अधिकृत